# राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

**बैठक संख्या : ०५/२०८२/०८३**

मिति : २०८२/०८/२९ गते सोमबार

ने.सं. ११४६ थिँलागा ११ सोमवार

समय : बिहान ११:०० बजे

आज मिति २०८२ मंसिर २९ गते सोमवार बिहान ११:०० बजे गाउँ कार्यपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८२/०८३ को पाँचौ बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिँहलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री सन्देश मास्के | |

सम्भावित कार्यसूची

**बैठक संख्या : ५/२०८२/०८३**

मिति : २०८२/०८/२९ गते सोमबार
नेःसं. ११४६ थिँलागा ११ सोमवार
समय : बिहान ११:०० बजे

**राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष श्री राजकुमार मल्लज्युको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को पाँचौ बैठकमा छलफलका सम्भावित विषयवस्तुहरु**

१. गत बैठकको निर्णयको समिक्षा।
२. गाउँपालिकाको हालसम्मको आय व्यय विवरण सम्बन्धमा।
३. घ वर्गको ईजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।
४. नदीजन्यपदार्थ निकासी कर सम्बन्धी कार्य अनुमोदन सम्बन्धमा।
५. राजस्व व्यवस्थापन खर्च सम्बन्धमा।
६. विद्यालय पूर्वाधारसम्बन्धी विविध मागहरु सम्बन्धमा।
७. पूर्वाधार विकास सम्बन्धी निर्माणाधिन विभिन्न योजनाहरुको देहायबमोजिम म्याद थप गर्ने सम्बन्धमा।
८. सडक निर्माण योजनाहरुको बोलपत्रमार्फत एउटै प्याकेजमा निर्माण गर्न बोलपत्र आह्वान गर्ने
९. लघु उद्यम विकास कार्यक्रम (MEDPA)को कृयाकलाप स्वीकृति सम्बन्धमा।
१०. गाउँपालिकाको उर्जा विकास समिति गठन गर्ने सम्बन्धमा।
११. सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गरी जारी गर्ने।
१२. विविध।

.............................
(सन्देश मास्के)
**प्रमुख प्रशासकीय अधिकृत**

नोटः..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................

**राक्सिराङ्ग गाउँपालिका**

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

**बैठक संख्या : ५/२०८२/०८३**

मिति : २०८२/०८/२९ गते सोमबार

ने.सं. ११४६ थिँलागा ११ सोमवार

समय : बिहान ११:०० बजे

**निर्णय नं. १:**

यस कार्यपालिकाको गत बैठकबाट पारित भएका निर्णयहरुको समिक्षा गर्दा हालसम्म कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो। कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

राक्सिराङ्ग गाउँपालिकाको लागि चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको आय व्यव विवरण देहाय बमोजिम रहेको:

| क्षेत्रगत बजेट तथा खर्च | | | | |
|---|---|---|---|---|
| आ.व. २०८२/०८३ | अवधीः २०८२/०४/०१- २०८२/०८/२८ | | | |
| सि.न. | क्षेत्रउप/ क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | ३,५०,८५,००० | ५,०४,०२०.०० | १.४४ |
| २ | सामाजिक विकास | २४,८७,३७,८१७ | ६,००,००,८४३.३८ | २४.१२ |
| ३ | पूर्वाधार विकास | १८,७७,७७,००० | १,८२,६६,३७०.५० | ९.७३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३,०६,००० | ३७,८२,८००.०० | ५१.७८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,६३,२५,४७२ | ३,६५,०३,५२०.७२ | २३.३५ |
| कुल जम्मा | | ६३,५२,३१,२८९ | ११,९०,५७,५५४.६० | १८.७४ |

| आय व्ययको विवरण | | | | |
|---|---|---|---|---|
| आ.व. २०८२/०८३ | अवधीः २०८२/०४/०१- २०८२/०८/२८ | | | |
| सिन. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी%)( |
| १ | संघीय सरकार | ३३,२९,००,०००.०० | १४,५५,७२,०००.०० | ४३.७३ |
| २ | प्रदेश सरकार | ६,७३,२४,०००.०० | १,६८,३१,०००.०० | २५ |
| ३ | राजस्व बाडफाड | १८,००,७७,२८९.०० | ५,३९,२८,३०१.४२ | २९.९५ |
| ४ | अन्तरिक श्रोत | ५,४९,३०,०००.०० | ५८,८७,९३९.३१ | १०.७२ |
| ५ | जनसहभागिता | ० | ० | |
| जम्मा | | ६३,५२,३१,२८९.०० | २२,२२,१९,२४०.७३ | ३४.९८ |

| सिन. | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|
| १ | चालु | ४१,६०,४४,४७२.०० | १०,०७,९१,१८४.१० | २४.२३ |
| २ | पूंजीगत | २१,९१,८६,८१७.०० | १,८२,६६,३७०.५० | ८.३३ |
| जम्मा | | ६३,५२,३१,२८९.०० | ११,९०,५७,५५४.६० | १८.७४ |

उपरोक्तानुसार खर्च भएकोमा विभिन्न चालु र पूँजिगत योजना तथा कार्यक्रमहरुको वित्तीय प्रगति बढाउने र गाउँपालिकाको आन्तरिक आयमा अपेक्षाकृत उपलब्धि हासिल गर्न कार्यपालिका र मातहतका सम्पुर्ण कार्यालयहरु तदारुकताका साथ लाग्न अनुरोध गर्ने।

निर्णय नं. ३:

यस गाउँपालिका कार्यालयमा यस क्षेत्रका तपसिल निर्माण सेवा तथा फर्महरुले "घ" बर्गको ईजाजतपत्र पाउँनका लागि मिति २०८२/०५/२७ गते सम्म दिएको निबेदन बमोजिम यस समितिबाट उक्त फर्महरुले पेश गरेको कागजपत्र र कार्यविधीले तोके बमोजिम पुरा भएको देखिएकोले तपशिलका निर्माण तथा फर्महरुलाई "घ" बर्गको ईजाजतपत्र दिने निर्णय गरियो ।

| सि. नं. | फर्मको नाम | ठेगाना | प्रोपाईटरको नाम, थर |
|---|---|---|---|
| १ | आष्मान निर्माण सेवा प्रा.लि. | राक्सिराङ्ग-४ | आसमान मुक्तान |
| २ | युनिका बिल्डर्स | राक्सिराङ्ग-४ | कुल बहादुर लामा |
| ३ | कालियुग निर्माण सेवा | राक्सिराङ्ग-४ | नरेन्द्र कोइराला |
| ४ | मनिक एण्ड देवराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | राक्सिराङ्ग-३ | देवराज थिङ |
| ५ | ए.एम.एन. निर्माण सेवा प्रा.लि. | राक्सिराङ्ग-१ | अजित लामा |
| ६ | प्राप्ती निर्माण सेवा | राक्सिराङ्ग-८ | साजन पाखिन |
| ७ | राक्सिराङ्ग के.एस.पि.निर्माण तथा सप्लायर्स प्रा.लि. | राक्सिराङ्ग-३ | सिग राम थोकर |
| ८ | यूनिसा निर्माण सेवा | राक्सिराङ्ग-८ | निर शंकर लामा |

निर्णय नं. ४:

चालु आ.ब.२०८२/०८३ को लागि गाउँपालिकाको आन्तरिक आयतर्फको नदीजन्यपदार्थको निकासी ठेक्का नभए सम्मका लागि कार्यालयको कर्मचारीबाट अमानतमा कर संकलन गर्ने सम्बन्धमा यसै कार्यपालिकाको मिति २०८२/०७/२८ को निर्णय भए बमोजिम नगदी रसिद नं.०१ देखी र.नं.१००० सम्म (३ प्रति/रातो/पहेलो/सेतो) छपाई गरिएको र राजश्व संकलन केन्द्रमा खटिने कर्मचारीलाई लगत राखि बुझाईएकोमा मिति २०८२/०८/२६ गते सम्म र.नं.०१ देखी ३०० सम्मको रु.९,६१,८८०.००(नौ लाख एकसठ्टी हजार आठ सय असी) संकलन भई बैक दाखिला भैसकेको ब्यहोरा यस बैठकमा छलफल गर्दै गाउँ कार्यपालिकाको कार्यालयको उक्त कार्य अनुमोदन गर्ने।

निर्णय नं. ५:

यस गाउँपालिकाको लागि आ.व. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत राजश्व व्यवस्थापन खर्च शीर्षकबाट देहायबमोजिम विभिन्न शीर्षकहरुमा रकम विनियोजन गरी खर्च गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने:

| सि. नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | राजश्व परामर्श समिति पदाधिकारी बैठक तथा अनुगमन भत्ता | १,२०,००० |
| २ | कर्मचारी खाजा खर्च (ढाटमा खटिने) नगर प्रहरी समेत | १,५०,००० |
| ३ | अनुगमन ईन्धन (डिजल/पेट्रोल) | १,००,००० |
| ४ | कर संकलन केन्द्र संचालन मसलन्द छपाई र अन्य सामान खरिद | ८०,००० |
| ५ | अन्तरनिकाय पदाधिकारी बैठक/खाजा/नास्ता | ५०,००० |
| ६ | जम्मा | ५,००,००० |

निर्णय नं. ६:

यस गाउँपालिकाको लागि चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदानतर्फ शिक्षाको *विद्यालयको मर्मत तथा सवलिकरण* र *बाल विकास केन्द्र भवन निर्माण तथा पुराना भवन मर्मत* शीर्षकबाट यस गाउँपालिका अन्तर्गतका देहायका विद्यालयका पूर्वाधार विकास सम्बन्धी कार्यमा देहायबमोजिम रकम विनियोजन गरी कार्य प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

| सि. नं. | विद्यालय | कार्यक्रम | स्रोत शीर्षक | रकम रु |
|---|---|---|---|---|
| १ | श्री भुमेश्वरी प्राथमिक विद्यालय, भुमिथुम, राक्सिराङ्ग १ | कक्षाकोठा मर्मत तथा भित्तेलेखन | बाल विकास केन्द्र भवन निर्माण तथा पुराना भवन मर्मत | ३,००,००० |
| २ | श्री बागेश्वरी आधारभुत विद्यालय, राक्सिराङ्ग-९ | छात्रवास व्यवस्थापन तथा विद्यालय भवन मर्मत | *विद्यालयको मर्मत तथा सवलिकरण* | २,००,००० |
| ३ | श्री बालजागृति प्राथमिक विद्यालय, राक्सिराङ्ग-१ | विद्यालय कक्षाकोठा तथा कार्यालय व्यवस्थापन खर्च | *विद्यालयको मर्मत तथा सवलिकरण* | ३,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री राष्ट्रिय प्रावि पञ्जनी, राक्सिराङ्ग-४ | भवन मर्मत खर्च | *विद्यालयको मर्मत तथा सवलिकरण* | ३,५०,००० |
| ५ | श्री प्राथमिक विद्यालय, राक्सिराङ्ग-३ | वाल विकास केन्द्र व्यवस्थापन | बाल विकास केन्द्र भवन निर्माण तथा पुराना भवन मर्मत | ३००००० |
| ६ | श्री राष्ट्रिय मावि सिलिङ्गे, राक्सिराङ्ग-६ | कक्षा कोठा भित्तेलेखन, विद्यालय तथा छात्रवास रङरोगन | *विद्यालयको मर्मत तथा सवलिकरण* | ५००००० |
| ७ | श्री खर्कण्डेटार वाल विकास भवन, राक्सिराङ्ग-६ | भवन निर्माण | बाल विकास केन्द्र भवन निर्माण तथा पुराना भवन मर्मत | २००००० |

<u>निर्णय नं. ७:</u>

गाउँपालिका अन्तर्गत पूर्वाधार विकास सम्बन्धी निर्माणाधिन विभिन्न योजनाहरुको देहायबमोजिम म्याद थप गर्ने:

| सि.नं. | योजनाको नाम | ठेकेदारको नाम | साविकको म्याद | थप हुने म्याद |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | जयमातादी कन्सट्रक्सन प्रा.लि. | २०८२।०७।३० | २०८२।०९।१५ |
| २ | चेपाङ्ग संग्रहालय भवन निर्माण | बानीयाँ सुन्दर नेपाल जेभी | २०८२।०६।३० | २०८२।०९।३० |

<u>निर्णय नं. ८:</u>

गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार देहायबमोजिमको सडक निर्माण योजनाहरुको बोलपत्रमार्फत एउटै प्याकेजमा निर्माण गर्न बोलपत्र आह्वान गर्न गाउँपालिकालाई निर्देशन दिने:

| सि.नं. | योजनाको नाम | वडा नं. | खर्चको स्रोत | विनियोजित बजेट रु. |
|---|---|---|---|---|
| १ | मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका वडा नं १ कोलगैरी भञ्याङ्ग मुग्रेकोट हुँदै रामकुवा सडक स्तरोन्नति कार्य | १ | संघीय सरकारको सशर्त अनुदान | २५००००० |
| २ | चौतारा खर्लिङ्ग सडक स्तरोन्नति | ७ | प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान | रु.२५,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | घैयाबारी काम्ले सिदाम डोडपानी जोड्ने सडक निर्माण | ७ | प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान | रु.३०,००,००० |

निर्णय नं. ९:

गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ मा सञ्चालन हुने लघु उद्यम विकास कार्यक्रम (MEDPA)को लागि संघीय सरकारबाट हस्तान्तरीत सशर्त अनुदान र गाउँपालिकाको लागत सहभागिताबापतको रकम समेतबाट उक्त कार्यक्रम अन्तर्गत विभिन्न कृयाकलापहरु लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम देहायबमोजिम सञ्चालन गर्ने:

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | बजेट प्रतिशत रेन्ज (निर्देशिका) | वास्तविक बजेट प्रतिशत | रकम रु. |
|---|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | ४५ | ५% | ५% | ७६,८०० |
| | उद्यमशीलता विकास तालिम | ३० | १७% | १७% | २,६१,१२० |
| | प्राविधिक सीपमुलक तालिम प्रदान | ३५ | ३५-४१% | ३७% | ५,६८,३२० |
| | उपयुक्त प्रविधि पहुँच तथा हस्तारण | २० | १५-१८% | १५% | २,३०,४०० |
| | लघु कर्जामा पहुँच | २५ | ३-४% | ४% | ६१,४०० |
| | बजारीकरण सेवा | २० | ३-५% | ४% | ६१,४०० |
| २. | उद्यम विकास सहजकर्ता | २ | | | ९,३०,५६० |
| ३. | कुल बजेट | | | | २१,९१,८०० |
| ४. | भैरहेको उद्यमीहरुको लागि पुनर्ताजगी कार्यक्रम | २५ | १००% | १००% | २,७०,००० |
| ५. | उपयुक्त प्रविधि हस्तान्तरण | | १००% | १००% | १,४०,००० |
| | १,२,३,४ र ५ अनुसार | | कुल बजेट | | २६,००,००० |

निर्णय नं. १०:

गाउँपालिकाको उर्जा र नवीकरणीय एवं वैकल्पिक उर्जाको क्षेत्रमा नीति, योजना तर्जुमा गर्ने आवश्यक नियम र कार्यविधिहरुको निर्माणको लागि मस्यौदा गर्ने, कार्यपालिकालाई उर्जा विकास, विद्युत प्रसारण लाईन प्रभावित र

नवीकरणीय र वैकल्पिक उर्जाको क्षेत्रमा कार्य गर्न सहयोग गर्ने गरी यस कार्यपालिका अन्तर्गत देहायको उर्जा विकास समिति गठन गर्ने:

| | |
|---|---|
| श्री वावीराम मुक्तान (१ नं. वडा अध्यक्ष) | -संयोजक |
| श्री सुजाता दमाई (कार्यपालिका सदस्य) | -सदस्य |
| श्री चन्द्रमान प्रजा | -सदस्य |
| श्री शान्ता अर्याल | -सदस्य |
| श्री सुशिला सुनार | -सदस्य |
| श्री धर्मराज चौधरी (ईन्जिनियर) | -सदस्य |

संरक्षक: अध्यक्ष श्री राजकुमार मल्ल

सल्लाहकार: १) उपाध्यक्ष श्री बनस्तम थिङ

२) प्रमुख प्रशासकीय अधिकृत श्री सन्देश मास्के

**निर्णय नं. ११:**

राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक बन उपभोक्ता समूहको संस्थागत विकास, सुशासन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गर्दै सामुदायिक वनका माध्यमबाट जनताको जीवनमा सकारात्मक उपलब्धी हासिल गराउन र उनीहरुको सामुदायिक वन अधिकार सुनिश्चितताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) ले दिएको अधिकार प्रयोग गर्दै यस कार्यपालिकाबाट राक्सिराङ्ग गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गरी जारी गर्ने।

**निर्णय नं. १२:**

राक्सिराङ्ग गाउँपालिका, गाउँसभाको १९ औं (हिउँदे) अधिवेशन २०८२ पौष २३ गते बुधवारको दिनको लागि आह्वान गर्ने।

**निर्णय नं. १३ विविध:**

क. गाउँपालिकामा लाग्ने कृषि हाटबजार सञ्चालनको लागि स्थायी स्टेज निर्माणको लागि गाउँपालिकाको प्राविधिक शाखाबाट पेश भएको लागत अनुमान बमोजिम रु. ५००००० (रुपैया पाँच लाख) विनियोजन गर्ने।

ख. गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार *अपाङ्गता समन्वय समिति समन्वय तथा संचालन खर्च* शीर्षकमा विनियोजित बजेट रु. ५०,००० रकमान्तर गरी *अपाङ्गता परिचयपत्र वितरण शिविर संचालन* शीर्षकमा थप गर्ने।

ग. गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार स्वास्थ्य तर्फको बजेट शीर्षक *महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन* लाई संशोधन गरी *महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन, सम्मानजनक विदाई, दिवस र समिक्षा समेत* कायम गर्ने।

घ. गाउँपालिकामा संघीय सशर्त अनुदानबाट संचालित गरिवसँग विश्वेश्वर कार्यक्रम संचालनको लागि रिक्त सामाजिक परिचालक पदहरुमा भर्ना प्रकृया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ङ. गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार प्रदेश सशर्त अनुदान तर्फको खानेपानी स्रोत संरक्षण कार्यक्रमबाट ग्याउतिखोला स्रोत संरक्षण योजना राक्सिराङ्ग ९ को लागि रु. २,००,००० विनियोजन गर्ने ।

च. गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार *विविध जातजाति धार्मिक सम्प्रदायको भाषा सँस्कृति संरक्षण* शीर्षकबाट रु. २५००००(दूई लाख पचास हजार) भर्याङ कालिका मेला व्यवस्थापन शीर्षकमा विनियोजन गर्ने।

छ. यस गाउँपालिका र प्रदेश प्राविधिक तथा व्यवसायिक तालिम परिषद्, बागमति प्रदेशको सहलगानीमा आयोजना हुने छोटो अवधिको सीपमुलक तालिम कार्यक्रमको लागि आवश्यक बजेट उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्ने।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| ............ (सुजता दमाई) कार्यपालिका सदस्य | ............ (सजिना मुक्तान नेपाली ) कार्यपालिका सदस्य | ............ (शुशिला सुनार) कार्यपालिका सदस्य | ............ (शान्ता कुमारी अर्याल) कार्यपालिका सदस्य |
| ............ (सिङ्गलाल प्रजा) कार्यपालिका सदस्य | ............ (चन्द्रमान प्रजा) कार्यपालिका सदस्य | ............ (बाबी राम मुक्तान) वडा अध्यक्ष | ............ (बुद्ध राम मुक्तान) वडा अध्यक्ष |
| ............ (उत्तम वाइवा) वडा अध्यक्ष | ............ (संजय कोइराला) वडा अध्यक्ष | ............ (हरि बहादुर प्रजा) वडा अध्यक्ष | ............ (अकल बहादुर मोक्तान) वडा अध्यक्ष |

| | | |
|---|---|---|
| ............................ (राम बहादुर प्रजा) वडा अध्यक्ष | ............................ (युसाई प्रजा) वडा अध्यक्ष | ............................ (राम कुमार वाल्वा थिङ) वडा अध्यक्ष |

| | |
|---|---|
| ..................... (बनस्तम थिङ) उपाध्यक्ष | ..................... (राजकुमार मल्ल) अध्यक्ष |